# पिता परमेश्वरको मन्दिर

Study by Franklin

पुरानो नियममा मन्दिरमा परमेश्वर अनि उहाँको महिमा उहाँको जातिमा प्रकट हुन्थियो।

दाउद, जसलाई परमेश्वरले भन्नुभएको थियो: मेरो ह्रदय पछिको मनिस... (प्रेरित १३:२२) बलियो नसकिने इच्छा **परमेश्वरको लागि मन्दिर बनाउन**लाई थियो।

१ इतिहास २८:१-३ दाऊदले यरूशलेममा इस्राएलका सबै अधिकारहरू– कुलकुलमाथिका अधिकृतहरू, राजाको सेवामा लाग्ने दल-दलमाथिका सेनापतिहरू, हजार र सयका सेनापतिहरू, अनि राजा र तिनका छोराहरूका सबै सम्पत्ति र गाईगोरुको जिम्मा लिने अधिकारीहरू, महलका अधिकृतहरू, योग्य-योग्य पुरुषहरू र सबै वीर-वीर योद्धाहरूलाई भेला गरे। तब खड़ा भएर दाऊद राजाले भने, "हे मेरा दाजुभाइ र प्रजा हो, मेरा कुरा सुन। परमप्रभुको करारका सन्दूकको निम्ति **एउटा विश्रामस्थान**, हाम्रा **परमेश्वरका पाउदानको निम्ति** एउटा भवन बनाउनलाई मेरो मनमा विचार गरेको थिएँ, अनि मैले त्यो निर्माण गर्नलाई तयार पनि गरें।

- यो तिनिहरुको जस्तै चाहना भएका दाउदको जस्तै हृदय भयकाहरु हुन्।

तर परमेश्वरले मलाई यसो भन्नुभयो, 'मेरो नाउँको सम्मानको निम्ति तैंले भवन बनाउनेछैनस्, किनभने तँ लड़ाइँ गर्ने मानिस होस्, र तैंले रक्तपात गरेको छस्'। (२८:६) उहाँले मलाई यसो भन्नुभयो, "तेरो छोरा **सोलोमन**ले नै मेरो भवन र मेरा चोकहरू बनाउनेछ। किनकि मैले त्यसलाई मेरो **छोरा हुन चुनेको छु** र म त्यसका पिता हुनेछु।

मन्दिरको तयारी

१ इतिहास २९: १-२ त्यसपछि राजा दाऊदले सारा समुदायलाई भने, " **यो भवन मानिसको निम्ति होइन तर परमप्रभु परमेश्वरको निम्ति हो। मेरा सबै बलले भ्याएसम्म** मैले मेरा **परमेश्वरका मन्दिरको लागि सुनका कामको निम्ति सुन, . . . . . . .चाँदी, . . . . . . . . . काँसा, . . . . . फलाम, . . . .काठ,** र **आनिक्स,** फिरोजा, विभिन्न रङ्गका **पत्थरहरू,** र सबै किसिमका

**दामी-दामी ढुङ्गाहरू** प्रशस्त गरी तयार पारिराखेको छु। (३) त्यसबाहेक **मेरा परमेश्‍वरको मन्दिरप्रति** मलाई ज्यादा भक्ति भएको हुनाले मेरा परमेश्‍वरका मन्दिरको निम्ति म मेरो आफ्नो निजी भण्डारबाट **सुन** र **चाँदी** दिँदैछु– योचाहिँ यस पवित्र मन्दिरको निम्ति मैले जम्मा गरेका सबै थोकबाहेक हो– 4 अर्थात्, **एक सय टन सुन (ओपीरको सुन) र दुई सय चालीस टन निखुर चाँदी** मन्दिरका भित्ताहरू मोहोर्नलाई, 5 सुनका कामको निम्ति र चाँदीको कामको निम्ति अनि निपुण कारीगरले गर्ने सबै कामको निम्ति दिँदैछु। **अब आज परमप्रभुलाई अर्पण गर्न को राजी छ?"**

६,७,८,९ पद...................

- मन्दिर मानिसको लागि होइन, तर पिता परमेस्वरको लागि हो। यो एकदमै महत्वपूर्ण भनाइ हामीकहि बेरपछि हेर्ने छौ।
- हामीसंग दाउदको जस्तै passion मन्दिरको लागि जहाँ परमेश्वर बास बस्नुहुन्छ ।

२ कोरन्थी ९:७ अनि हरेक मानिसले आफ्नो मनमा सङ्कल्प गरेबमोजिम देओस्, इच्छा नभई होइन, न त करकापमा परेर। किनभने **खुशीसाथ दिनेलाई परमेश्‍वरले प्रेम गर्नुहुन्छ।**

- तिनीहरुले अतिरिक्त खालीपनको साथ र महान आशाका साथ परमेस्वरको महिमामय मन्दिर बनाउन दिए।

पुरानो करारको मन्दिरको समर्पण

२ इतिहास ७:१-३ जब सोलोमनले यो प्रार्थना गरिसके तब **स्वर्गबाट आगो झर्‍यो,** र आगोले होमबलि र बलिदानहरू भस्म गर्‍यो, **अनि परमप्रभुको महिमाले मन्दिर भरियो। परमप्रभुको महिमाले उहाँको मन्दिर भरिएकोले** गर्दा पूजाहारीहरू त्यसभित्र पस्न सकेनन्। आगो झरिरहेको र **परमप्रभुको महिमा मन्दिरमा** बसिरहेको जब सबै इस्राएलीहरूले देखे, तब ढुङ्गाको पेटीमा तिनीहरू भूइँसम्मै घोप्टो परेर दण्डवत् गर्दै यसो भनेर परमप्रभुलाई धन्यवाद दिए, "परमप्रभु भला हुनुहुन्छ, किनकि उहाँको प्रेम सदासर्वदै रहिरहन्छ।"

अब यस ठाउँमा गरिएका प्रार्थना ध्यानसित सुन्न मेरा कान र हेर्न मेरा आँखा खुला रहनेछन्। मेरो नाउँ सदासर्वदाको निम्ति त्यहाँ रहन मैले यस मन्दिरलाई चुनेको छु, र त्यसलाई पवित्र पारेको छु। मेरो दृष्टि र मेरो हृदय सधैँभरि त्यहाँ रहनेछ।

**नयाँ नियममा परमेस्वरको मन्दिर परिवर्तन भएको थियो।**

१.येशू परमेश्वरको मन्दिर बन्नुभयो।

मत्ती १२:६ तर म तिमीहरूलाई भन्दछु, मन्दिरभन्दा महान् कोही यहाँ छ।

युहन्ना २: १९ **"यस मन्दिरलाई** भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु।"

- येशूख्रिस्टको बाल अर्पण – मन्दिर

लुका ३:२१-२२ जब सबै मानिसहरूले बप्तिस्मा लिए, अनि येशूले पनि बप्तिस्मा लिएर प्रार्थना गरिरहनुभएको थियो, तब स्वर्ग उघ्रियो, 22 र **पवित्र आत्मा** शारीरिक रूपमा ढुकुरजस्तो **उहाँमाथि** ओर्लनुभयो। अनि स्वर्गबाट यस्तो एउटा आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसँग म अति प्रसन्न छु।"

यूहन्ना १:१४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र **सत्यता**ले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। **हामीले उहाँको महिमा देख्यौं,** जुन **महिमा** पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।

२. उहाँका चेलाहरु परमेश्वरको मन्दिर बने।

प्रेरित १:८ तर **पवित्र आत्मा** तिमीहरूमा **आउनुभएपछि** तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"

प्रेरित २:२-४ अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो। आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे। अनि तिनीहरू **सबै जना पवित्र आत्माले भरिए,** र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे।

- जसरी हामी सोलोमोनको मन्दिरको सपर्पणको बारेमा पढ्छौ।

३. र अब हामी परमेश्वरको मन्दिरहरु हौ।

२ कोरन्थी ६:१६-१७ मूर्तिहरूसँग परमेश्‍वरको मन्दिरको के सम्झौता? किनभने **हामी जीवित परमेश्‍वरका मन्दिर हौं,** जसरी परमेश्‍वरले भन्‍नुभएको छ, **“म तिनीहरूमा वास गर्नेछु,** र **तिनीहरूका बीचमा हिँड्डुल गर्नेछु,** र म तिनीहरूका परमेश्‍वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्” “यसकारण तिनीहरूका बीचबाट निस्केर आओ, र तिनीहरूबाट तिमीहरू **अलग होओ,** परमप्रभु भन्‍नुहुन्छ। अशुद्ध कुरा केही नछोओ. . . .

हाम्रो पानीको बप्तिस्मा र पवित्र आत्मा हामीमा आउदै हुनुहुन्छ – जसरी येशूसंग र उहाँको चेलाहरुसंग, र सोलोमोंको मन्दिर भनेको . . . .

परमेश्वरको मन्दिरको हाम्रो समर्पणता।

रोमी १२:१-२ यसकारण भाइ हो, परमेश्‍वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा **आ-आफ्‍ना शरीरलाई पवित्र र परमेश्‍वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।**

जेको लागि तिमी बनाईएको हो।
तपाई परमेश्वरको मन्दिर हुनुहुन्छ।
हाम्रो समर्पणता भनेको पहिलो मन्दिरसंग जस्तै थियो।
१ इतिहास २९:१-२ . . . . . . **यो भवन मानिसको निम्ति होइन तर परमप्रभु परमेश्‍वरको निम्ति हो। मेरा सबै बलले भ्याएसम्म मैले मेरा परमेश्‍वरका मन्दिरको लागि. . . . .**

यो हाम्रो उत्तरदाई हो ! तयार पार्न र
हाम्रो शरिर लाई परमेश्वरको मन्दिरको रुपमा समर्पण गर्न।

२ इतिहास ७:१-३ जब सोलोमनले यो प्रार्थना गरिसके तब **स्‍वर्गबाट आगो झर्‍यो,** र आगोले होमबलि र बलिदानहरू भस्म गर्‍यो, **अनि परमप्रभुको महिमाले मन्दिर भरियो।** परमप्रभुको महिमाले उहाँको मन्दिर भरिएकोले गर्दा पूजाहारीहरू त्यसभित्र पस्‍न सकेनन्। आगो झरिरहेको र परमप्रभुको महिमा मन्दिरमा बसिरहेको जब सबै इस्राएलीहरूले देखे, तब ढुङ्गाको पेटीमा तिनीहरू भूइँसम्मै घोप्टो परेर दण्डवत् गर्दै यसो भनेर परमप्रभुलाई धन्यवाद दिए, “परमप्रभु भला हुनुहुन्छ, किनकि उहाँको प्रेम सदासर्वदै रहिरहन्छ।”

जसरी यशैयाले भन्छ: ४३:६-७

**मेरा छोरा**हरूलाई टाढ़ादेखि र **मेरा छोरी**हरूलाई पृथ्वीको पल्लो छेउदेखि ल्याओ,
7 **हरेक जो मेरो नाउँद्वारा बोलाइएको छ,** जसलाई **मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु,** जसको आकार **मैले नै रचें** र **बनाएँ।"**

तपाई परमेश्वरको मन्दिर हुनलाई बनाईएको हो।
परमेश्वरको महिमालाई थम्न ।

उहाँको स्वरुपमा सृजीएको, हामी देखिने प्रतिनिधिहरुको रुपमा थियौ र यो पृथीमा उहाँको महिमाको प्रकाशमा प्रकट हुनुभो।

हाम्रो उदेश्य, हामी यहाँ रहनुको कारण भनेको महिमा ल्याउनु र हाम्रो पिता र मुक्तिदाता येशू ख्रिस्टलाई आदर गर्नु हो।

यशैया ४३:७ जो मेरो नाउँद्वारा **बोलाइएको छ,** जसलाई **मैले सृष्टि गरेको छु,**

तपाइको जन्म – तपाई यहाँ रहनु - भनेको दुर्घटनाबस होइन।

यशैया ४४:२४ "परमप्रभु यसो भन्नुहुन्छ– तेरा उद्धारक, जसले **तैँलाई गर्भमा रच्नुभयो . . . .**

यर्मिया १:५ "मैले तँलाई गर्भमा रच्नभन्दा अघि नै **तैँलाई चिनिसकेको थिएँ,** तँ जन्मनभन्दा अघि नै मैले **तैँलाई अलग गरें।** मैले तँलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता **नियुक्त गरें।"**

उहाँले जे यर्मियासंग भन्नुभयो त्यो तपाइको लागि सत्य छ साथसाथै **"अगमवक्ता"** को लागि पनि। जसरी उहाँले तपाइलाई उदेश्य र सेवाकाई उपहारको रुपमा **नियुक्त गर्नुभएको छ,** हुनसक्छ अगमवत्ता, प्रचारक, नोकर, अथवा अरु उपहारहरु। हेर्नुहोस् रोमी १२:६-८

एफिसी १:४-६ उहाँको सामुन्ने **पवित्र र निष्कलङ्क** होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले **हामीलाई चुन्नुभयो।** उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त

गर्नुभएको थियो, यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।

तपाई परमेस्वरको महिमाको लागि सृजनु भयो।

"परमेश्वरको महिमासंग समबन्धित छ !"

यो आदम र हब्बाबाट सुरु भयो। तैपनि त्यहाँ जटिल समस्या थियो:

रोमी ५:१२ एक जना मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा **मृत्यु** फैलियो। (३:२३) किनकि सबैले पाप गरेका छन्, र **परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।**

तापनि, पिता परमेश्वरसंग उत्तर छ।

रोमी ९:२३ यदि महिमाको निम्ति अघिबाटै तयार पार्नुभएको उहाँका कृपा-पात्रहरूलाई आफ्नो महिमाको सम्पत्ति प्रकट गर्नलाई उहाँले यसो गर्नुभयो।

एफिसी १:११ . . . उहाँमा, जसले सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ, आफ्नो अभिप्रायअनुसार १२ हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र छान्नुभएको छ।

अनि त्यो पुरा गर्न, पुरा गर्न "उहाँको उदेश्य"

**कि पिताले आफ्ना पुत्रलाई संसारका मुक्तिदाता हुन पठाउनुभएको छ।**

१ यूहन्ना ४:१४

किनकि **हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।** २ कोरन्थी ५:२१

अनि एकपटक उहाँको प्रेम, र सबै त्यो उहाँले गर्नुभयो र हाम्रो लागि पुरा गर्नुभयो, हाम्रो हृदयभित्र गहियो रुपले डुब्नु . . . . .

. . . . हामीहरुलाई जबरजस्ती गर्न . . . . .

जीवन जिऔ जसले परमेश्वरको महिमा गरोस्।

२ कोरन्थी ५:१४-१५

**ख्रीष्टको प्रेमले हामीलाई बाध्य गराउँछ,** किनभने हामीलाई यो निश्‍चय छ, कि सबैका निम्ति एक जना मर्नुभएको हुनाले सबै मरे। उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो।

त्यसकरण: १ कोरन्थी १०:३१ **तिमीहरू जेसुकै गर, सबै परमेश्‍वरका महिमाको निम्ति गर।**

हाम्रो परमेश्वरको महिमा र मुक्तिदाता येशू ख्रिस्ट देखिनुभयो र उहाँमा मनिस जोडिए अनि उहाँलाई पछ्याए . . . . .तिनीहरु जसरी तपाई र म पनि।

यूहन्ना १:१४ अनि **वचन** देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई **हाम्रा बीचमा**
**वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं,** जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।

हाम्रो लागि पनि उस्तै **भन्नै** पर्छ !

**वचन** देहादारी हुनै पर्छ जसरी हामी “मनिसमाझ जिउछौ” जसले गर्दा तिनीहरुले **उहाँको महिमा देखुन्** जसरी हामी **पूर्ण अनुग्रह र सत्यतामा** जीवन जिउछौ।

त्यसकरण, कसरी हामीमा **“वचन देहादारी हुनुभयो”**?

कलसी १:२७ यस रहस्‍यको महिमामय सम्‍पत्ति अन्‍यजातिहरूमा कति महान्‌ छ, त्‍यो कुरा आफ्‍ना सन्‍तहरूलाई प्रकट गर्न परमेश्‍वरले चुन्‍नुभयो। यो रहस्‍य ख्रीष्‍ट तिमीहरूमा हुनु हो, जो महिमाको आशा हो।

- **तपाईमा ख्रिस्ट: “वचन”** भनेको **हामीमा** छ, पवित्रआत्माको व्यक्तित्वमा . . . जब हामी पूर्ण जन्म लियौ।
- **महिमाको आशा –** पूर्ण अत्मविस्वाशका साथ **to elpis ,** जानेर अघि हेर्नु। किनभने:

रोमी ८:३० **जस-जसलाई उहाँले अघिबाटै नियुक्त गर्नुभयो,** तिनीहरूलाई उहाँले **बोलाउनु** पनि **भयो,** र जस-जसलाई उहाँले बोलाउनुभयो, तिनीहरूलाई उहाँले **धर्मी पनि ठहराउनुभयो,** र जस-जसलाई धर्मी ठहराउनुभयो तिनीहरूलाई उहाँले **महिमित पनि पार्नुभयो।**

---------------------------------------------------------------------------------

**A**ORIST Tense: an action that took place and was completed at a point in the past.
**A**CTIVE Voice: Subject performs the Action – The LORD GOD ALMIGHTY
**I**NDICATIVE Mood: Action or State Represented as Certain or Realized, a Fact.

---------------------------------------------------------------------------------

- अनन्तकालको दष्टिकोणमा – हामी महिमित भएका छौ – यो गरिएको छ, सम्पन्न ।
- तर संसारिक दष्टिकोणबाट हामीहरु **रुपान्तरण भएका** छौ **महिमा** देखि **महिमा**सम्म ।

२ कोरन्थी ३:१८
हामी सबै घुम्टो हटाइएको मुहारले **प्रभुको महिमा** प्रतिबिम्बित गर्दछौं, अनि **एउटा महिमादेखि अर्को महिमातिर** उक्लँदै उहाँको रूपमा **बद्लिँदैजान्छौं।** परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।

- **परमेश्वरको महिमा ऐनामा जस्तै थामीराख्नु।**

**ऐना भनेको:** उहाँको दृष्टिकोण र उत्कृष्ट ब्रम्माण्डहरुको सृष्टि र यो पृथ्वी अनि तिनीहरुमा भएका सबै र बिशेष रुपमा **मनिस,** उहाँको प्रतिरुपमा बनेका।

कविता द्वारा: एलिजाबेथ बरेट ब्रोनिंग

*सबै पृथ्वी उहाँको महिमाले भरीएको छ।*
*अनि सबै झाडी परमेश्वरसंग प्रज्वलित भएको छ।*
*तर उ मात्र जससंग आखाहरु हेर्नको लागि छ उसको जुत्ता फुकालोस्।*

*अरु वरीपरि बस र blackberries खाउ ।*

अनि स्पष्ट ऐना भनेको:
**परमेश्वरको वचन हो** – लिखित शब्द (लोगोस) अनि उहाँको बोलिएको शब्द (रिमा) जुन प्राथनाबाट आउछ, भोज र उहाँसंगको नजिकता।

जति हामी दिन्छौ हामी आफुलाई (१) पढ्न र वचनको मनन र (२) प्राथना, भोज र उहाँसंगको नजिकता त्यति धेरै हामी रुपान्तरण **उस्तै तस्बिर**मा **महिमा**बाट **महिमा** हुन्छौ ।

- यो सदा गईरहने, निरन्तर प्रकृया, **"रुपान्तर हुने"**
- र यस रुपान्तरणलाई भनिन्छ : **शुद्धिकरण**
- यो युनानी शब्द "हाजिअजो"- पवित्र बनाउन, शद्दीकरण, अथवा consecrate ।

योसंग दुई परिमाण छन्:

१. हामी **भैइ रहेका** र हामी**हरु** येशू ख्रिस्टको रगतद्वारा **शुद्दीकरण भएका** छौ। जसरी हामीलाई **महिमित पार्नुभयो** (रोमी ८:३०)

सकियो, पूर्ण कार्य। अनन्तकालसम्मको दृष्टिकोण

प्रेरित २६:१८ . . . जो ख्रिस्टमा विश्वासद्वारा **सुद्धिकरण गरिएको** छ, सन्तद्वारा बोलाईएकाहरु

१ कोरन्थी १:२ जो **ख्रीष्ट येशूमा पवित्र भएको छ,** र तिनीहरूका साथसाथै हरेक स्थानमा **सन्त** हुनलाई बोलाइएकाहरू

१ कोरन्थी ६:११ तिमीहरू कोही यस्तै थियौ, तर तिमीहरू **धोइयौ,** पवित्र पारियौ, प्रभु येशू ख्रीष्टको नाउँमा हाम्रा परमेश्वरका आत्माद्वारा **निर्दोष ठहराइयौ**।

२. हामीहरु **पनि शुद्दीकरण** ख्रिस्टको जीवनद्वारा भएका छौ। गईरहने, प्रगतिशील कार्य।

कलसी १:२७ यस रहस्यको महिमामय सम्पत्ति अन्यजातिहरूमा कति महान् छ, त्यो कुरा आफ्ना सन्तहरूलाई प्रकट गर्न परमेश्‍वरले चुन्नुभयो। यो रहस्य ख्रीष्‍ट तिमीहरूमा हुनु हो, जो महिमाको आशा हो।

तपाईमा यो **ख्रिष्ट**को **महिमा** हो जुन हामीहरु जिउनु पर्छ। अनि यदि हामीमा ख्रिस्ट हुनुहुन्छ भने – हामी पवित्र, शुद्दीकरण जीवन जिउन सक्छौ, **यदि** हामी चाहान्छौ भने – **यदि** हाम्रो हृदयको इच्छाहरु हो भने, हाम्रो प्राथमिकता, हाम्रो चाहना।

फिलीप्पी ४:१३ **जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।**

हिब्रु १०:१४ किनकि एउटै बलिद्वारा जो **पवित्र तुल्याइँदैछन्,** तिनीहरूलाई उहाँले **सदाको निम्ति सिद्ध बनाउनुभएको छ।**

- येशू को रगतद्वारा **सबै समयमा उत्तम** भयका छौ – काम सकियो। अनि, **चली रहने प्रकृया**मा **सुद्दीकरण** भयौ।

१ पत्रुस १:१४-१५ **आज्ञाकारी** बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। तर तिमीहरूलाई बोलाउनुहुने **जस्तो पवित्र** हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका **सबै रहनसहनमा** पवित्र होओ,

- **आज्ञाकारी** बालबालिका जस्तै – हामीहरु न आज्ञाकारी अथवा अनाज्ञाकारी बालक। तिनीहरुको पिता द्वारा अनाज्ञाकारी बालकलाई अनुसासनमा राख्नु हुन्छ।
- **पहिलाको काम बासनालाई स्वीकार नगर्नुहोस् – यो कुरा छ। युद्दभूमी: बाकी स्वीकारनुहोस . . अथवा परिवर्तन हुनुहोस्।**

रुपान्तरणको लागि उत्त्प्रेरणा भनेको हाम्रो प्रेम येशू ख्रिस्टको लागि हो। यो कोसंग सम्बन्ध छ, अथवा के, तपाई प्रेम अध्यधिक गर्नुहुन्छ।

२ कोरन्थी ७:१ यसकारण हे प्रिय हो, हामीसित यी प्रतिज्ञा भएका हुनाले शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी **आफैलाई शुद्ध पारौं,** र **परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ** बढ़ाउँदैजाऔं।

- किनभने:

हिब्रु १२:१०-११ **किनकि तिनीहरूले असल ठानेबमोजिम केही दिन हामीलाई ताड़ना दिए। तर हामी उहाँका पवित्रताको सहभागी हुन सकौं भनेर हाम्रो फाइदाको निम्ति उहाँले ताड़ना दिनुहुन्छ।**

२ तिमोथी २:२१ जे कुरो अनादरको छ, यदि कसैले त्यसबाट **आफूलाई शुद्ध पार्‍यो** भने त्यो आदरका कामको लागि एउटा पात्र बन्नेछ, र घरका मालिकको निम्ति **चोखो,** उपयोगी, र कुनै पनि असल कामको निम्ति तयार **रहनेछ।**

१ थिसलोनिकी ४:३-५ किनकि **परमेश्वरको इच्छा** जो तिमीहरूको **पवित्रकरण** पनि हो, सो यो हो कि तिमीहरू व्यभिचारबाट अलग बस। **पवित्रता** र **आदर**साथ आफ्नो निम्ति पत्नी लिनू, सो तिमीहरू प्रत्येकले जान, तर परमेश्वरलाई नचिन्ने अविश्वासीहरूजस्तै कामुकताको कुवासनामा नबस।

१ यूहन्ना ३:२-३ प्रिय हो, अहिले **हामी परमेश्वरका सन्तान हौं,** र हामी के होऔंला, सो अहिलेसम्म प्रकट भएको छैन। यति जान्दछौं, कि जब उहाँ प्रकट हुनुहुन्छ, तब **हामी उहाँजस्तै हुनेछौं।** किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं। अनि **जस्तो उहाँ पवित्र हुनुहुन्छ,** उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ।

रोमी ६:१९ तिमीहरूमा रहेको मानवीय कमजोरीको कारणले म तिमीहरूले बुझ्न सकिने भाषामा बोलिरहेको छु। किनकि जसरी तिमीहरूले एक पल्ट आफ्ना अङ्गहरूलाई अशुद्धता र झन्-झन् बढ़ी अपराधका निम्ति समर्पण गर्‍यौ, अब त्यसरी नै **पवित्रकरण**को निम्ति आफ्ना अङ्गहरूलाई **धार्मिकता**को निम्ति समर्पण गर।

१ थिसलोनिकी २:१२  यस हेतुले कि तिमीहरूको चालचलन परमेश्वरको योग्य होस्, जसले तिमीहरूलाई उहाँको आफ्नै राज्य र महिमामा बोलाउनुहुन्छ।

२ थिसलोनिकी २:१४ किनकि भाइ हो, ख्रीष्ट येशूमा यहूदियामा भएका परमेश्वरका मण्डलीहरूको अनुकरण गर्ने तिमीहरू भयौ, किनकि आफ्नै देश-भाइहरूबाट तिमीहरूले जसरी दु:ख भोग्यौ, त्यसरी तिनीहरूले यहूदीहरूबाट दु:ख भोगेका थिए।

१ पत्रुस २:१२ अन्यजातिहरूका बीचमा तिमीहरूको चालचलन **असल** होस्। कसैले तिमीहरूलाई कुकर्मी भनी तिमीहरूका विरुद्धमा बोले तापनि तिनीहरूले तिमीहरूका **असल कामहरू** देखून्, र आगमनको दिनमा तिनीहरूले **परमेश्वरको महिमा** गरून्।

एफिसी ५:२७ र उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी **मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्,** र त्योचाहिँ **पवित्र र निष्खोट होस्।**

हाम्रो लक्ष्य भनेको – हाम्रो परमेस्वर येशूको लागि इमान्दार दुलही हुनु हो।

यस रहस्यको महिमामय सम्पत्ति अन्यजातिहरूमा कति महान् छ, त्यो कुरा आफ्ना सन्तहरूलाई प्रकट गर्न परमेश्वरले चुन्नुभयो। यो रहस्य **ख्रीष्ट तिमीहरूमा हुनु हो,** जो **महिमाको आशा** हो।  कलसी १:२७

यो **तपाईमा ख्रिस्टको महिमा** हो जसमा हामीहरु जिउनु पर्छ अनि जिउनको लागि हो।

र हामीमा यदि ख्रिस्ट हुनुहुन्छ भने – हामी पवित्र जिउन सक्छौ,
शुद्धतापूर्ण जीवन, हाम्रो परमेस्वर येशू ख्रिस्टमा महिमा र आदर ल्याउन र हाम्रो पिता परमेश्वर।

"यो परमेस्वरको महिमासंग **सम्बन्धित छ**!"

जसरी उहाँमा हामीलाई संसारको सृष्टि भन्दा अगि चुन्नुभयो, कि हामी पवित्र होउन भनेर अनि दोसरहित उहाँको अगी । एफिसी १:४

यसको लागि हामी बनिएका हौ उहाँको महिमाको लागि हामी बनिएका हौ।

हामी ख्रीष्टमा पहिलेदेखि आशा राख्नेहरूलाई उहाँले आफ्नो महिमाको प्रशंसाको निम्ति जिउन सकौं भनेर उहाँमा नै नियुक्त गर्नुभएको छ र **छान्नुभएको छ।**
एफिसी १:१२

हामी महिमित र आदर परमेश्वरलाई "उहाको पाइलालाई पछ्याउदै" गर्छौं। १ पत्रुस २:२१

उहाँको सेवाकईको अन्तमा, उहाँको पितासंग भन्नुभयो:

जुन काम तपाईंले मलाई दिनुभयो, **त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।**

यूहन्ना १७:४

हामी सक्षम हुनु आवश्यक पर्छ, र हुनै पर्छ – उस्तै भन्नलाई।

हाम्रो पिता र परमेस्वर येशू ख्रिस्टलाई हामी महिमित पार्छौं।

यूहन्ना १७:१८ **जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। (२२) .........**

- मानिसले यो महिमालाई **हामीमा ख्रिस्ट**संग देख्छन्।
- र उहा जस्तै हुनको निम्ति परिवर्तन भएर हामी मानिसलाई अलग्गै देख्।
- हामीसंग सहानुभूति र प्रेम तिनीहरुको लागि छ जसले हामीलाई उस्तै कृयामा जुन येशू उहाको मानिससंग थियो।

येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो।
.............................
.............................
.............................. मत्ती ९:३५-३८

यस प्रकारले हामीले मानिसलाई हेर्ने पर्छ।

अर्को पदले भन्छ:
मत्ती १०:१ उहाँले आफ्ना बाह्र चेलाहरूलाई बोलाएर अशुद्ध आत्माहरू निकाल्ने र हरप्रकारका रोग र दुर्बलता **निको पार्ने अधिकार** तिनीहरूलाई दिनुभयो।

येशूको जीवनलाई हेरौ कि हाम्रो लागि उहासंगको काम देख्न सक्छौ।

यूहन्ना २:११ उहाँका चिन्हहरूमध्ये यो **पहिलो चिन्ह** येशूले गालीलको कानामा गर्नुभयो। यसरी उहाँले **आफ्नो महिमा** प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे।

हामीहरु अदभुत जीवनको चिन्ह भएको जीवन जिउनु पर्छ,आस्चर्य र अचम्महरु, उहाको महिमा प्रकाशमा ल्याउनु जसले अरुहरुले पूर्ण रुपमा आफुलाई उहामा पनि दिउन।

यूहन्ना ११:४ तर यो सुनेर येशूले भन्नुभयो, "यस बिरामीले मृत्युमा पुर्याउँदैन, तर यो **परमेश्वरको महिमा**को निम्ति हो, ताकि यसद्वारा **परमेश्वरका पुत्रको महिमा होस्** ।

यूहन्ना ११:४० 'तिमीले विश्वास गर्यौ भने **परमेश्वरको महिमा** देख्नेछौ'?"

मत्ती ५:१६ यसरी नै **तिमीहरूको ज्योति** मानिसहरूका सामुन्ने **चम्कोस्,** र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका **पिताको महिमा** गरून्।
२ कोरन्थी ९:१३ **सेवाको यस जाँचअन्तर्गत** तिमीहरूले ख्रीष्टको सुसमाचार स्वीकार गर्ने आफ्नो भावना आज्ञाकारिताद्वारा तथा तिनीहरू र अरू सबैका निम्ति तिमीहरूले उदार-चित्तले दिएको भेटीद्वारा **परमेश्वरको महिमा हुनेछ।**

"यो परमेस्वरको महिमासंग सम्बन्धित छ।"

**तिमीहरू जेसुकै गर, सबै परमेश्वरका महिमाको निम्ति गर।** १ कोरन्थी १०:३१

**यसको निम्ति तपाई बनिएको हो।**
**परमेस्वरको महिमाको निम्ति तपाई बानीएको हो।**

१ कोरन्थी ६:१९-२०
. . . . . . **तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा** तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ **तिमीहरूभित्र वास गर्नुहुन्छ** भन्ने के तिमीहरूलाई थाहा छैन? **तिमीहरू स्वयम् आफ्नै होइनौ। तिमीहरू मोल तिरेर किनिएका हौ। यसकारण तिमीहरूका शरीरमा परमेश्वरको महिमा गर।**

"यो परमेस्वरको महिमासंग सम्बन्धित छ।"

भजनसंग्रह ७२:१८-१९
परमप्रभु परमेश्वर, इस्राएलका परमेश्वरको प्रशंसा होस्, उहाँले मात्र उदेकका काम गर्नुहुन्छ।19 उहाँको महिमामय नाउँको सदासर्वदै प्रशंसा होस्, **सारा पृथ्वी उहाँको महिमाले भरपूर होस्।**

आमेन फेरि आमेन।